प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौडा,मकवानपुर, नेपाल

## स्वास्थ्यसंग सम्बन्धित प्रोफेशनल संघ मार्फत सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम गर्नका लागि अनुदान सम्बन्धी सूचना

यस मन्त्रालयको चालु आ. व. २०७६/७७ को स्वीकृत कार्यक्रममा "स्वास्थ्यसँग सम्बन्धित प्रोफेसनल संघ मार्फत सेवा प्रदायक, सेवाग्राही र सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम" अन्तर्गत स्वास्थ्य पेशा संग सम्बन्धित गैर राजनैतिक, गैर नाफामुलक प्रोफेशनल संघ मार्फत सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरु संग अन्तरक्रिया कार्यक्रम संचालन गर्नका लागि स्वीकृत TOR अनुसार काम गर्न इच्छुक सम्बन्धित व्यवसायिक संघहरुले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस मन्त्रालयमा प्रस्ताब पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।यस बारेमा विस्तृत विवरण मन्त्रालय वा मन्त्रालयको वेबसाइट mosd.p3.gov.np बाट प्राप्त गर्न सकिनेछ।

<u>थप जानकारीको लागि</u>

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश, हेटौडा,मकवानपुर, नेपाल

अर्जुन पौडेल, स्वा.शि.अ., ९८४७२६६३१४

स्वास्थ्यसँग सम्बन्धित प्रोफेसनल संघ मार्फत सेवा प्रदायक ,सेवाग्राही र सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम संचालन गर्न स्वास्थ्य सेवाका बिभिन्न गैरराजनीतिक पेशागत संघ संगठनहरुलाई दिइने अनुदानलाई व्यवस्थित गर्ने सम्बन्धीको

## Terms of Reference TOR

१. अनुदान कार्यक्रमको उदेश्यः

स्वास्थ्य सेवाका बिभिन्न सेवा समुहहरु बीच पेशागत सहकार्य गर्ने, पेशागत बिकाशमा पैरवी गर्ने, पेशागत बिकासमा तालिम तथा अनुशिक्षण गर्ने, आमनागरिक तथा स्वास्थ्यका बिभिन्न पेशागत समूहरु बीच समय समयमा हुने असमझदारी लाई हटाउन सहकार्यको बाताबरण बनाउन अन्तरक्रिया कार्यक्रम गर्ने आदि

२. अनुदान प्रदान गर्न सकिने सम्भाव्य पेशागत संघ संगठनहरुः

स्वास्थ्य पेशा संग सम्बन्धित गैर राजनैतिक, गैर नाफामुलक हाल कृयासिल प्रोफेशनल संघहरु

४. अनुदानका लागि दरखास्तसहित पेस गर्नु पर्ने कागजातहरुःइच्छुक पेशागत संस्थाहरुले दरखास्त पेश गर्दा अनुसूची–१ मा दिइएको ढाँचामा प्रस्तावित कार्यक्रमको अवधारणा पत्र र अनुसुची– १(क) बमोजिको विस्तृत प्रस्तावना समेत पेश गर्नुपर्नेछ ।

(१) अनुदान लिन इच्छुक संस्थाले देहाय बमोजिमका विवरण सहित मन्त्रालयमा दरखास्त दिनु पर्नेछः–

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) संस्थाका बहालवाला कार्यसमिति सदस्यहरुहरुको विवरण,

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(घ) संस्थाको भौतिक अवस्था देखिने विवरण,

(ङ) संस्थाको जनशक्तिको अवस्था,

(च) संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,

(छ) कार्यसमितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,

(ज) कर चुक्ताको प्रमाणपत्र,

(झ) गत आ.ब. मा अनुदान पाएको भए सो को प्रगति प्रतिबेदन,

(२) यसरी पेश हुन आएका विवरणहरुलाई रुजु गरी सोको मुल्यांकनका आधार तय गरी सम्वन्धीत महाशाखाले तपशिल बमोजिम गठन हुने संस्था मुल्यांकन तथा छनौट समितिमा पेश गर्नु पर्नेछ ।

५. अनुदान उपलव्ध गराउन सक्ने : यस मन्त्रालयले माग भइ आएका प्रस्तावनालाई मुल्यांकन गरी चालु आर्थिक वर्षका लागि विनियोजित वजेटको परिधि भित्र रहि संघ संस्थाहरुलाई छनौट गरि मन्त्रालयले आवश्यक प्रकृया पुरा गरी एउटा सस्थालाई बढीमा तिन लाखमा नबढ्ने गरी अनुदान उपलव्ध गराउन सक्नेछ ।

६. संस्था मुल्यांकन तथा छनौट समितिः पेश भएका पेशागत संस्थाहरुको मूल्यांकन र छनौट देहाय बमोजिका आधारमा गरिनेछ ।

| क.स. | विवरण | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | प्रस्ताव र अवधारणा पत्रको मुल्यांकन | ३५ | |
| २ | संस्थाको भौतिक संरचना | १५ | |
| ३ | संस्थाको जनशक्तिको अवस्था | १५ | |
| ४ | संस्थाको सम्बन्धित क्षेत्रको अनुभव | १० | |
| ५ | संस्थाको आन्तरिक श्रोत परिचालनको अंश | १५ | |
| ६ | अन्य निकायहरुसंगको श्रोतपरिचालनको अंश | १० | |
| | जम्मा | १०० | |

(३) पेश भएका पेशागत संस्थाहरुको प्रस्ताब मूल्यांकन गर्न मन्त्रालयमा देहाय बमोजिमको मुल्यांकन तथा छनौट समिति रहनेछः–

(क) सचिव वा सचिवले तोकेको अधिकृत,मन्त्रालय – संयोजक

(ख) महाशाखा प्रमुख, सम्बन्धीत महाशाखा –सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा –सदस्य

(ङ) सम्वन्धीत महाशाखाको अधिकृत –सदस्य–सचिव

(४) मुल्यांकन तथा छनौट समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(५) समितिले संस्था मुल्यांकन तथा छनौट गरी मन्त्रालयमा अनुदानका लागि सिफारिस गर्नेछ।

(६) छनौट भएका संस्थालाई मन्त्रालयले स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमको परिधी भित्र रही सम्झौता गरी अनुदान उपलव्ध गराउन सक्नेछ ।

७. प्राप्त गर्ने संस्थाको दायित्वः

(क) प्राप्त अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ साथै वित्तिय तथा भौतिक प्रगति विवरण सहितको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

८. अनुगमन गरिनेः यस निर्देशिका बमोजिम अनुदान वितरण भएको अनुदानको उद्देश्य अनुरुप उपयोग भए नभएको सम्वन्धमा यस मन्त्रालयले अनुगमन गरी गराई सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

९. कार्य क्षेत्रः अनुदानबाट प्राप्त कार्यक्रम बागमती प्रदेश भित्र संचालन गर्नु पर्नेछ।

९ . विविधः मन्त्रालयबाट प्राप्त अनुदान रकमबाट संस्थाले कार्यक्रमका लागि खर्च गर्दा प्रचलित कानुनको अधिनमा रही कार्य गर्नुपर्नेछ साथै गोष्ठी, सेमिनार, तालिम, दैनिक भ्रमण खर्च आदिको सम्बन्धमा विद्यमान ऐन, कानूनले तोकेको मापदण्ड बमोजिम मात्र गर्नु पर्नेछ ।

अनुसूची – १

अनुदान प्राप्त गर्न चाहने संस्थाले पेश गर्नुपर्ने अवधारणा पत्र

(क) कार्यक्रमको नाम :

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण :

(ग) उद्देश्य :

(घ) लक्षित समुदाय :

(ङ) क्रियाकलाप :

(च) कार्यक्रम अवधि :

(छ) अनुमानित कूल लागत :

(ज) अनुमानित उपलव्धी

अनुसुची १(क)

सामाजिक विकास मन्त्रालयबाट प्राप्त हुने अनुदान कार्यक्रम प्रस्ताव नमुना ढाँचा

(संस्थाहरुको लागी)

१. संस्था सम्बन्धी सामान्य सूचना

क. संस्थाको पुरा नाम नेपालीमा .......................................................

ख. संस्थाको पुरा नाम अंग्रेजीमा.........................................................

ग. संस्थाको कुनै छोटकरीमा नाम भएमा.................................................

घ. संस्था स्थापना भएको मिति..........................................................

ङ. संस्थाको दर्ता नं....................संस्थाको दर्ता मिति............................

च. संस्थादर्ता भएको जिल्ला र सरकारी निकायको नाम...............................

छ. समाजकल्याण परिषदको आवद्धता नं...................आवद्ध भएको मिति......................

ज. मन्त्रालयमा सुचिकृत भएको मिति.................... सुचिकृत नं. .............

झ. संस्थाको ठेगाना........................जिल्ला............गा.पा./न.पा........................वडा नं..........

ञसंस्थाको सदस्यहरुमा समावेशी नीति अपनाएको हुनुपर्नेछ,

ञ. संस्था पछिल्लो पटक नबिकरण भएको मिति.....................................

ट. संस्थाको अध्यक्ष नामः

सम्पर्क नम्बरः संस्थाको इमेल ठेगाना :

ठ. सम्पर्क व्यक्ति नामः

सम्पर्क नम्बरः इमेल ठेगाना

ड. संस्थाका उद्देश्यहरु (बढिमा तीनवटा मात्र लेख्नुहोस)

ढ. संस्थाले हालसम्म गर्दै आएका मुख्य कृयाकलापहरु हालसम्म लाभान्वित संख्या (बढीमा ५ वटा कृयाकलाप र लाभान्वित संख्या लेख्नुहोस)

१.

२.

३.

४.

५.

२. प्रस्तावित परियोजना सम्बन्धि

क. परियोजनाको नाम.................................

ख. परियोजनाको उद्देश्यहरु.......................

ग. परियोजनाको कुल बजेट.......................

घ. परियोजनाको लक्षितवर्ग र लाभान्वित हुने संख्या....................................................

ङ. परियोजनाको कृयाकलापहरु (के के गर्ने).............................

च. परियोजना सञ्चालनहुने स्थान..................................................................

छ. परियोजनाले हासिल गर्न चाहेको उपलब्धीहरु

झ. कार्यान्वयन योजनाः

| क.सं. | क्रियाकलाप | मिति | स्थान | सहभागी संख्या | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३. बजेटः यस परियोजनामा लाग्ने बजेटका बिस्तृत विवरण संलग्न गर्ने नमुना ढाँचा।

| क.सं. | विवरण | इकाई | संख्या/दिन | दर | कुल रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |